गण्डकी प्रदेश सरकार
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय
प्रदेश संग्रहालय पोखरा

# लिलाम सम्बन्धी सूचना

प्रकाशित मिति: २०८२।०९।१७

यस कार्यालयको प्रवेशद्वारसँगै रहेको पुरानो जीर्ण भवन भत्काई नयाँ भवन निर्माण गर्ने क्रममा उक्त जीर्ण भवनबाट प्राप्त भएका फलामे रड, फलामका पाइप, टिन, सटर, जस्तापाता, सालको काठका पुराना चौकोस, प्लाष्टिकको पाइप, लिस्टी आदि सामाग्रीहरु जे जस्तो अवस्थामा रहेका छन् सोही अवस्थामा न्यूनतम रु २,१४,३५०।( अक्षरूपी दुई लाख चौध हजार तीन सय पचास मात्र भ्याट वाहेक) बाट निम्न स्थान, समय र मितिमा लिलाम बढाबढबाट बिक्री गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको लागि यो ७ दिने सूचना प्रकाशित गरिएको छ । बोल कबोल गर्ने व्यक्तिले सम्पूर्ण सामान कबोल गर्नुपर्नेछ । विस्तृत विवरण र अन्य थप जानकारीका लागि कार्यालयको वेबसाइट https://provincemuseum.gandaki.gov.np/ र कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिने छ ।

तपशिल:

स्थानः प्रदेश संग्रहालय पोखरा ।
मिति: २०८२।०९।२४
समय: दिनको २:०० वजे
लिलाम बढाबढको लागि नाम/फर्म दर्ताको समय २०८२।०९।२३ गते कार्यालय समय सम्म ।

कार्यालय प्रमुख

## लिलाम गरिने सामाग्रीहरुको विवरण

| क.सं. | सामाग्रीको नाम | अनुमानित परिमाण | अनुमानित मूल्य रु. |
|---|---|---|---|
| १. | फलामे रड | २१०० के.जी. | ७३५०० |
| २. | फलामका पाइप | ५०० के.जी. | १७५०० |
| ३. | सटर | ७०० के.जी. | २४५००।- |
| ४. | जस्तापाता | ११०० के.जी. | ५५०००।- |
| ५. | सालको काठका चौकोस | ३२.१० घन फुट | ४०६२५।- |
| ६. | अन्य | | |
| | क. टिंनका पाता/फल्स सिलङ्गका टिनका पाता | ५० के.जी. | १२५०।- |
| | ख. प्लाष्टिक पाइप/लिस्टी | ५ के.जी. | १२५।- |
| | ग. आल्मुनियमको ढोकाको फ्रेम | ३ के.जी. | ४५०।- |
| | घ. फलामका ग्रिल | ४० के.जी. | १४००।- |
| जम्मा | | | २१४३५०।- |
| भ्याट १३% | | | २७८६५.५० |
| कुल जम्मा | | | २४२२१५.५० |

नोट:

१. इच्छुक फर्म वा व्यक्तिले २०८२।०९।२३ गते सम्म कार्यालय समयभित्र फिर्ता नहुने गरी रु.१०००।- (अक्षरुपी एक हजार रुपैयाँ मात्र) राष्ट्रिय वाणिज्य बैंक स्थित यस **कार्यालयको कोड नं. ३५०००३९०२४ राजश्व शिर्षक नं. १४२२९** मा बुझाई सक्कल राजश्व दाखिला भौचर सहित सम्बन्धित फर्मको दर्ता प्रमाण-पत्र वा इच्छुक व्यक्ति भएमा नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी लिलाम फाराम खरिदको लागि निवेदन पेश गर्नुपर्नेछ ।

२. लिलाम फाराम मिति २०८२।०९।२३ गते कार्यालय समयभित्र दर्ता गरिसक्नु पर्नेछ ।

३. कार्यालयमा दर्ता भएका लिलाम फारामहरु २०८२।०९।२४ गते दिउँसो २.०० बजे उपस्थित भएका फर्म वा व्यक्तिको रोहबरमा यस कार्यालयमा खोलिनेछ । तर फर्म वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र लिलाम प्रकृया अगाडि बढाउन बाधा पर्ने छैन ।

४. मूल्याङ्कन समितिले निर्धारण गरेको न्यूनतम मूल्यबाट नै लिलाम बढाबढ सुरु हुने छ ।

५. लिलाम बढाबढ हुने सामान हेर्न चाहेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राखी हेर्न सकिने छ ।

६. अन्य आवश्यक कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

संग्रहालय प्रमुख